# स्थानीय राजपत्र

**भरतपुर महानगरपालिकाद्वारा प्रकाशित**

**खण्ड : ९, अतिरिक्ताङ्क : ०१, मितिः २०८२।०४।०४**

## भाग–१

**अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको**

# आर्थिक ऐन, २०८२

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**भरतपुर, चितवन**

**बागमती, नेपाल**

---

अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको भरतपुर महानगरपालिका आर्थिक ऐन २०८२ प्रकाशनको क्रममा देहायका विषयहरु छुट हुन गएको हुँदा आर्थिक ऐन २०८२ मा समावेश हुनेगरी अतिरिक्ताङ्क प्रकाशन गरिएको छ।

## देहायः

**१.** भरतपुर महानगरपालिका आर्थिक ऐन, २०८२ को दफा २ मा उपदफा ३ पश्चात उपदफा ४ थप गरिएको।

(४) वार्षिकरुपमा तिर्नुपर्ने सम्पत्ति कर असुल गर्दा भरतपुर महानगरपालिकाको वडा नं.१ देखी १२ (वडा नं.५ र ६ बाहेक) मा सडक बत्ती सेवा शुल्क वापत वार्षिक रु.२००/- र बाँकी वडाहरु ५, ६ र १३ देखी २९ सम्मका वडाहरुमा सडक बत्ती सेवा शुल्क वापत वार्पिक रु.१००/- थपगरी असुल गरिनेछ।

२. भरतपुर महानगरपालिका आर्थिक ऐन, २०८२ को अनुसुची ९ पश्चात अनुसुची ९ (क) थप गरिएको।

### अनुसुची ९ (क)

भरतपुर महानगरपालिका भित्र निजी व्यक्ति वा संस्थाले आफ्नो स्वामित्वको जग्गा वा लिजमा लिएको जग्गामा पार्किङ्ग स्थल विकास गरी पार्किङ्ग सेवा संचालन गरेमा निम्नानुसार सःशुल्क सवारी साधन पार्किङ्ग व्यावस्थापन गर्न सक्नेछ।

| क्र.सं. | विवरण | पार्किङ्क शुल्क |
|---|---|---|
| १ | मोटर साईकल, स्कुटर लगायतका दुई पाङ्ग्रे सवारी साधन प्रति दिन (२४ घण्टा) | रु.१५०/- |
| | मोटर साईकल, स्कुटर लगायतका दुई पाङ्ग्रे सवारी साधन प्रति घण्टा | रु.१५/- |
| २ | कार, जिप, भ्यान लगायतका चार पाङ्ग्रे सवारी साधन प्रति दिन (२४ घण्टा) | रु.४००/- |
| | कार, जिप, भ्यान लगायतका चार पाङ्ग्रे सवारी साधन प्रति घण्टा | रु.४०/- |
| ३ | ठुला सवारी साधनलाई प्रतिदिन (२४ घण्टा) | रु.१०००/- |
| | ठुला सवारी साधनलाई प्रति घण्टा | रु.१००/- |
| ४ | अटो रिक्शा लगायतका तिन पाङ्ग्रे सवारी साधन प्रति दिन (२४ घण्टा) | रु.२००/- |
| | अटो रिक्शा लगायतका तिन पाङ्ग्रे सवारी साधन प्रति घण्टा | रु.२०/- |

आज्ञाले,

**लक्ष्मी प्रसाद पौडेल**

प्रमुख प्रशासकीय अधिकृत